# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

प. सं. ०८०/०८१
च. न. ५९६५

मितिः-२०८१/०३/०२

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा झापा जिल्ला मेचीनगर नगरपालिका वडा नं. ९ मा सञ्चालित श्री हरि आधारभूत विद्यालयमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइ दिन भनी विद्यालयको च.नं. ५९ मिति २०८१/०२/२७ को पत्रबाट अनुरोध भइ आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना haribasicschool12345@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथी कुनै कारवाही हुने छैन ।

**बोधार्थ:**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, झापा ।
श्री हरि आधारभूत विद्यालय, मेचीनगर नगरपालिका-९, झापा ।
श्री सूचना प्रविधि शाखा, वेबसाइटमा अपलोड गरिदिनुहुन ।

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७
Web Site : www.mechinagarmun.gov.np, email :mechinagarmun@gmail.com

CamScanner